नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ – ९१
चलानी नं. : ३८८

CDS and Clearing Ltd.

# प्रेश विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि), नेपाल स्टक एक्सचेन्ज लि.र उद्योग वाणिज्य संघ, चितवनको संयुक्त आयोजनामा प्रदेश नं. ३ को चितवनमा मिति २०७४।१२।१६ गते **"पूँजी बजार, डिम्याद, सि-आस्बा, मेरो शेयर सम्बन्धी लगानीकर्ता सचेतना कार्यक्रम"** आयोजना गरको छ ।

उक्त कार्यक्रममा अक्सफोर्ड सेक्युरिटिज प्रा.लि., त्रिशुल सेक्युरिटिज एण्ड यन्भेष्टमेन्ट लि. र सनि सेक्युरिटिज प्रा.लि. को समेत सह-आयोजक रहेको थियो । उद्योग वाणिज्य संघ, चितवनका अध्यक्ष श्री सहन लाल प्रधान प्रमुख अतिथि, नेपाल स्टक एक्सचेन्ज लि. का प्रमुख कार्यकारी अधिकृत एवं सिडिएससिका संचालक समितिका अध्यक्ष श्री चन्द्र सिंह साउद, नेप्सेका प्रबन्धक एवं सिडिएससिका संचालक समितिका सदस्य श्री निरञ्जन फुयाल, सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ता, अक्सफोर्ड सेक्युरिटिज प्रा.लि. का निर्देशक श्री रामकृष्ण तिवारी, त्रिशुल सेक्युरिटिज एण्ड यन्भेष्टमेन्ट लि.का निर्देशक श्री नवराज सुवेदी र सनि सेक्युरिटिज प्रा.लि. का निर्देशक श्री सन्तोष पौडेल अतिथिको रुपमा सहभागी भएका थिए ।

उक्त कार्यक्रममा नेप्सेका प्रमुख कार्यकारी अधिकृत एवं सिडिएससिका संचालक समितिका अध्यक्ष श्री चन्द्र सिंह साउदले लगानीकर्ताहरुलाई सावधानीपूर्वक लगानी गर्न सचेत गर्दै Online Trading System समयमा नै कार्यान्वयन गर्ने प्रतिबद्धता समेत जाहेर गरेका थिए । सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ताले धितोपत्र अभौतिकीकरण, सिडिएस एण्ड क्लियरिङ्ग लि. को कार्य तथा सो लि. को पूँजी बजार विकासमा रहेको भूमिका, प्राथमिक सार्वजनिक निष्काशनमा सहजता प्रदान गर्न कार्यान्वयनमा ल्याइएको सि-आस्बा र मेरो शेयर सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए भने नेपाल स्टक एक्सचेन्ज लि. को तर्फबाट कार्यपत्र प्रस्तुत श्री निरञ्जन फुयालले गरेका थिए । उक्त कार्यक्रममा तीन सय भन्दा बढीको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रमहरुको मुख्य उद्देश्य नेपालको पूँजी बजारसंग आवद्ध लगानीकर्ताहरु तथा संभावित लगानीकर्ताहरुलाई सिडिएससि, नेप्से लगायत अन्य सम्बन्धित पक्षहरुले प्रदान गर्ने सेवाहरु र सो बाट हुने लाभहरु, पूँजी बजारको आधुनिकीकरणमा उक्त पक्षहरुको अपरिहार्य भूमिका, धितोपत्र अभौतिकीकरणको फाइदा, लगानीकर्ताहरुको हितका लागि सिडिएससिले विकास गरेका नयाँ सफ्टवेयरहरु र यस लि. को संचालन संगै पूँजी बजारमा भएको थप विकास सम्बन्धी प्रकाश पारी सहभागीहरुलाई शिक्षित बनाउनु हो ।

मिति : २०७४।१२।१८

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com